# नेपाल बप्तिस मण्डली परिषद्



## वार्षिक खबर पत्रिका सन् २०१६

नेपाल बप्तिस मण्डली परिषद्
Estd. 1992
NEPAL BAPTIST CHURCH COUNCIL

# विषय सूचि


| | |
|---|---|
| अध्यक्षको सन्देश | १ |
| महासचिवको सन्देश | २ |
| नेपाल बप्तिस मण्डली परिषद् बारे | ३-४ |
| परिषद्को प्रशासनिक जानकारी | ४-१० |
| उपलब्धीहरु | १०-२४ |





Nepal Baptsit Church Council
GPO 8975, EPC 1051
Kathmandu, Nepal
Phone No.: +977-01-6915649
Email: nbccnepal@gmail.com
URL: www.nbccnepal.org
www.facebook.com/nbcc.nepal.1
For softcopy: www.nbccnepal.org/downloads

# अध्यक्षको सन्देश

नेपाल बप्तिस मण्डली परिषद्को धरातल भन्नु नै स्थानीय मण्डलीहरु हुन् । परिषद् र स्थानीय मण्डली बीचको सुमधुर सम्बन्ध नै हाम्रो पहिलो प्रथामिकताको रुपमा रहिआएको छ । यो वर्ष हामी विशेषगरी पुन:निर्माणको कार्यमा केन्द्रित भयौ जस अन्तर्गत भूकम्पबाट प्रभावित मण्डली र परिवारहरुलाई उद्धार र पुनर्वासका लागि सहयोग उपलब्ध गराउन हामीले कुनै कसर बाँकी छाडेनौ । त्यसका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शुभचिन्तकहरुसँग सहकार्य गरि क्षतिग्रस्त मण्डलीहरुको संगती भवन पुन:निर्माणमा सहयोग प्रदान गर्न सक्यौ ।



सन् २०१६ सालभरि नेपाल बप्तिस मण्डली परिषद्ले विभिन्न क्षेत्रहरुमा धेरै सफलताहरु पाउनुका साथै विभिन्न चुनौतीहरुको पनि सामना गर्नुपरेको थियो । तथापी त्यस्तो विषम परिस्थितीमा हामी अलिकति पनि विचलति नभईकन आफ्नो लक्ष्यप्रति निरन्तर अगाडी बढ्न सक्यौ किनकि हामी अघिबाटै जान्दथ्यौ की सर्वशक्तिमानको हात चाहि हामी माथि रहेको छ । जसद्वारा भएर हामी सबैथोक गर्न सक्छौ । (फिलिप्पी ४:१३)

हामी आभारी छौ हाम्रा सम्पूर्ण स्थानीय मण्डलीहरु, साँझेदार संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शुभचिन्तकहरु प्रति जो हरेक परिस्थितीमा परिषद्सँग सहकार्य गरिरहनुभएको छ । यो तपाईहरुको प्रार्थना र प्रेरणा हो जसले गर्दा हामीले सन् २०१६ लाई एउटा सफल वर्षका रुपमा पाइसकेका छौ ।

रेभ. रत्न बहादुर राई<br>
अध्यक्ष<br>
नेपाल बप्तिस मण्डली परिषद्, काठमाडौं

# महासचिवको सन्देश

परमेश्वरको महिमा होस् !



नेपाल बप्तिस मण्डली परिषद्को तर्फबाट सम्पूर्ण साँझेदार मण्डलीहरु, संगतिहरु, संस्थाहरु र व्यक्तिहरुप्रति सन् २०१६ भरी निरन्तर सहकार्य र प्रार्थना गरिदिनु भएको लागि हार्दिक धन्यवाद छ। आशा र प्रार्थना छ आगामी दिनहरुमा यो प्रकृया दोब्बर भएर अगाडी बढ्नेछ।

सन् २०१६ पनि परिषद्को लागि एक आशिषमय वर्ष बन्यो। किनकि परिषद्संग भएको सिमित स्रोत र साधनहरुद्वारा पनि परमप्रभुले परिषद्को दर्शन, ध्येय र लक्ष्यहरु साँझेदारी मण्डलीहरु, संस्थाहरु, क्षेत्रीय संघहरु र विभागहरुद्वारा पुरा गर्नुभयो। हो, परिषद्ले यो वर्ष पनि आर्थिक, भौतिक, मानवीय स्रोत र साधनहरुको अभाव झेल्नु परेको थियो, यी सबै चुनौतीका बावजुध पनि उहाँको महिमाका लागि उहाँले आफ्नो कार्य पुरा गर्नु भयो।

यस संस्थाले सन् २०१६ मा पुरा भएका कार्यक्रम तथा सेवकाईहरुका नतिजाहरु यस प्रतिवेदन तथा वार्षिक खबर पत्रिका सन् २०१६ ले जानकारी दिने छ। आशा छ, यस जानकारीद्वारा सबै सहयोगी हातहरुलाई पुनः सहकार्य र उहाँको महान आज्ञा पुरा गर्नमा लगानी गर्न प्रेरणा मिल्नेछ।

परमेश्वरले आशिष दिउन् !

रेभ. जिरमान राई
महासचिव
नेपाल बप्तिस मण्डली परिषद्, काठमाडौं

# नेपाल बप्तिस मण्डली परिषद् बारे..

नेपाल उत्तरमा चिन र पूर्व, दक्षिण तथा पश्चिममा भारतले घेरिएको एक भुपरिवेष्ठित मुलुक हो। नेपाल सामान्यतः आयात आकारको लम्बाई करिब ८८५ तथा चौडाई १४५ देखि २४१ कि.मी. फैलिएको, उत्तरतर्फ पूर्वदेखि पश्चिम सम्म हिमाली भेग रहेको छ, जुन चिनको तिब्बतसँग सिमाना जोडिएको छ। राष्ट्रको जनसंख्या करिब २ करोड ६० लाख रहेको छ भने जनसंख्या वृद्धि दर वार्षिक २.६ प्रतिशत रहेको छ।

नेपाल बप्तिस मण्डली परिषद् (ने.ब.म.प.) नेपालमा रहेका बप्तिस मण्डलीहरुको साझा संस्था हो। यो संस्था सन् १९९२ अप्रिल ११ तारिकका दिन नेपालका विभिन्न स्थानमा रहेका आठ वटा बप्तिस मण्डलीहरुद्धारा शुरु भएको हो। स्थानीय बप्तिस मण्डलीहरु बिना हामी परिषद्को अस्तित्व बारे कल्पना पनि गर्न सक्दैनौं। ने.ब.म.प.ले दीगो तथा स्वस्थ्य मण्डली निर्माण गरी मत्ती २८:१९-२० अनुसार महान् आज्ञा पुरा गर्न सहकार्य गर्ने ध्येयले मिशन, सुसमाचार, चेलापन, मण्डली स्थापना, अगुवापन विकास, सामाजिक सेवा तथा स्थानिय बप्तिस मण्डली निर्माणको क्षेत्रमा सेवकाई गरिरहेको छ। सन् २०१६ सम्ममा ने.ब.म.प.सँग हाल २०९ वटा बप्तिस मण्डली तथा २५२ संगतिहरु (मिशन केन्द्र) र १८ हजार बप्तिसमा लिएका सदस्यहरु रहेका छन्।

हालसम्म नेपाल बप्तिस मण्डली परिषद्मा निम्न क्षेत्रीय संघहरु र विभागहरु रहेका छन्।

## क्षेत्रीय संघहरु

क. पूर्वाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
ख. मध्यमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
ग. पश्चिमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ
घ. मध्य सुदूर पश्चिमाञ्चल क्षेत्रीय बप्तिस मण्डली संघ

## विभागहरु

क. मिशन तथा सुसमाचार विभाग

ख. नेपाल बप्तिस महिला संगति
ग. नेपाल बप्तिस युवा संगति
घ. नेपाल बप्तिस बाइबल कलेज
ङ. बहुउद्देश्यीय सामुदायिक विकास सेवा
च. नेपाल बप्तिस बाल संगति

# परिषद्को प्रशासनिक जानकारी

## परिषद्को कार्यसमिति

१. अध्यक्ष: रेभ. रत्न बहादुर राई, महिमा बप्तिस संगति, काठमाडौं
२. उपाध्यक्ष: रेभ. कृष्ण प्रसाद त्रिपाठी, पोखरा बप्तिस मण्डली, कास्की
३. महासचिव: रेभ. जिरमान राई, लिभिङ्ग बप्तिस मण्डली नखिपोट
४. कोषाध्यक्ष: पा. राजेन्द्र मल्ल, लिभिङ्ग बप्तिस मण्डली नखिपोट
५. सदस्यहरु:

श्रीमति मिना थापा, महिला अध्यक्ष
रेभ. हरि गुरुङ्ग, ब.सा.वि.से. अध्यक्ष
पा. प्रेम नारायण भट्टराई, युवा अध्यक्ष
श्री देवानन्द कडेरिया, बाल संगति सभापति
पा. जागेन्द्र के.सी., पू.क्षे.ब.म.सं. अध्यक्ष
पा. मोहन चम्लागाई, म.क्षे.ब.म.सं. अध्यक्ष
पा. चित्र बहादुर गुरुङ्ग, प.क्षे.ब.म.सं. अध्यक्ष
रेभ. राम वहादुर थापा, मसुप.क्षे.ब.म.सं. अध्यक्ष

# परिषद्‌को विश्वासको सार

## बाइबल

हामी विश्वास गर्दछौं बाइबलका ६६ वटा पुस्तकहरु पवित्रआत्माको प्रेरणाद्वारा उहाँका पवित्रजनहरुद्वारा लेखिएको हो । यो परमेश्वरद्वारा मानिस जातिको निम्ति दिइएको उहाँको पवित्र र जीवित वचन हो । यसको लेखक स्वयम परमेश्वर हुनुहुन्छ, मुक्ति यसको उद्देश्य हो, र यसका विषयहरु सत्य र त्रुटिरहित छन् । परमेश्वरले सबै मानव जातिको व्यवहार, रीति र विश्वासको न्यायगर्ने सर्वोच्च आधार नै बाइबल हो । ख्रीष्ट येशूमा निहित परमेश्वरको उद्धारको कथा नै बाइबलको सही अर्थ खोलाईको मापदण्ड हो । (युहन्ना १२:४७-५०, हिब्रू ४:१२, २ तिमोथी ३:१६ र १७)

## परमेश्वर

एक मात्र जीवित अनि सत्य परमेश्वर हुनुहुन्छ । उहाँ एक व्यक्तित्व, बौद्धिक, आत्मिक, सृष्टिकर्ता, उद्धारकर्ता, न्यायकर्ता र सारा संसारको शासक हुनुहुन्छ । परमेश्वरको पवित्रता र सबै सिद्धतामा अनन्त हुनुहुन्छ, अनन्त परमेश्वर विशिष्ट व्यक्तिगत गुणहरुमा, तर स्वभाव र अस्तित्व र ईश्वरत्वमा कुनै पनि विभाजनविना पिता, पुत्र र पवित्रआत्माको रुपमा हामीमा प्रकट हुनुहुन्छ । सबै तीन व्यक्तित्वहरु समान-व्यकित्व, समान-अनन्तता र समान-अस्तित्वको एक परमेश्वर हुनुहुन्छ । (व्यवस्था ६:४, यशैया ४५:५, मत्ती २८:१९, यूहन्ना ४:२४, १०:३०, २ कोरिन्थी १३:१४, १ तिमोथी ६:१५, प्रकाश ४:११)

## पिता

पिता परमेश्वर हुनुहुन्छ । उहाँ आफ्ना सारा सृष्टिमा, अनुग्रहकासाथ मानवजातिलाई दिइएको सृजना र संरचनामाथि शासन गर्नहुन्छ । उहाँ सर्वशक्तिमान, अनन्त प्रेमी, सर्वज्ञानी, विश्वासयोग्य र अनुग्रही हुनुहुन्छ । ख्रीष्ट येशूमा विश्वास गर्ने हरेक परमेश्वरको सन्तान हुनेछन् र यही सत्यतामा परमेश्वर विश्वासीहरुको पिता

कहलाइनुहुनेछ । सबै मानिस जातिप्रति प्रकट गर्ने आफ्नो गुण र चरित्रमा उहाँ पिता समान हुनुहुन्छ । (व्यवस्था ६:४, यशैया ६:३, मलाकी २:१०, १ तिमोथी ५:१५-१६, प्रकाश ४:११)

## पुत्र

पुत्र परमेश्वर हुनुहुन्छ । उहाँ परमेश्वरको अनन्त पुत्र हुनुहुन्छ । उहाँ येशू ख्रीष्टको स्वरुपमा पवित्रआत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो, कन्या मरियमदेखि जन्मनुभयो र सबैको निम्ति परमेश्वरको सिद्ध इच्छा प्रकट गर्नुभयो । पूर्ण परमेश्वर हुनुभएता पनि मानव स्वभाव धारण गरी सबै कुरामा मानवसँग परिचित भई पूर्ण आज्ञाकारीतामा मानव जातिको पापको उद्धारको निम्ति क्रूसमा मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा महिमित शरीरमा मृत्युबाट बौरिउठ्नुभयो । उहाँ धेरैका सामु देखापर्दै स्वर्गमा उचालिनुभयो । अहिले उहाँ परमेश्वर पिताको दाहिनेपट्टि विराजमान हुनुहुन्छ । उहाँ एकमात्र मध्यस्थकर्ताको रुपमा मानिस र परमेश्वरको बीचमा मिलापको सेवकाई गर्दैहुनुहुन्छ । उहाँ सारा वैभव र शक्तिमा संसारको न्याय गर्नलाई र मुक्तिको कामलाई पूर्णता दिन फेरि आउनुहुनेछ । (मत्ती १:१८-२५, लूका २:७, यूहन्ना ३:१६, प्रेरित १:९-१०, रोमी १४:१०-१२, १ कोरिन्थी १५:३-६, २ कोरिन्थी ५:१०-२१, प्रकाश १:७) ।

## पवित्र आत्मा

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ । बाइबल उहाँको प्रेरणाद्वारा लेखिएको हो । उहाँले मानिसमा पश्चातापी हृदय दिनुहुन्छ र येशू ख्रीष्टलाई मुक्तिदाता भनि विश्वासगर्न सहायता गर्नुहुन्छ । उहाँले नयाँ जीवनको मार्गमा हिड्न सहायता गर्नहुन्छ । उहाँले विश्वासीहरुमा ख्रीष्ट-चरित्र वृद्धि गराउनुहुन्छ, सान्त्वना दिनुहुन्छ, आत्मिक वरदानहरु प्रदान गर्नुहुन्छ, शक्तिप्रदान गर्नुहुन्छ र सु-समाचार सेवाकाइको निम्ति विश्वासीहरुलाई सुसज्जित पार्नुहुन्छ । उहाँले विश्वासीहरुलाई पूर्ण उद्धार नपाएसम्म अन्तिम दिनकोलागि आफ्नो छाप लगाउनुभएको छ र उहाँ हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ । उहाँको उपस्थिति नै विश्वासीहरुलाई ख्रीष्टको स्वरुपमा परिवर्तन गर्ने उहाँको निश्चयता हो । (उत्पत्ति १:१-३, मत्ती २८:१९, यूहन्ना १४:१६, २६, प्रेरित ५:३२, १ कोरिन्थी १२:१-११, एफिसी

१:१३-१४, हिब्रु ९:१४)

## मानिस

परमेश्वरको सृष्टिहरु मध्ये मानिस सर्वोत्कृष्ट सृष्टि हो । जसलाई आफ्नै स्वरुपमा नर र नारी गरी सृष्टि गर्नुभयो । परमेश्वरले मानिस जातिलाई आफ्नो संगतिमा अनन्तसम्म रहनको लागि बनाउनुभयो । आदीमा मानिस निर्दोष थियो तर उसको छनौट गर्नसक्ने स्वतन्त्र इच्छाले परमेश्वरको विरुद्धमा अनाज्ञाकारी भएर पाप गऱ्यो र सम्पूर्ण मानव जातिमा पापको प्रवेश भयो । केवल परमेश्वरको प्रेम र अनुग्रहद्वारा मानिस पूनः परमेश्वरको पवित्र संगतिमा आउन र उहाँको महान उद्देश्य पूरा गर्न सक्षम तुल्याउँदछ । (उत्पत्ति १:२७, भजन ८:४ र ५, भजन १०० :३, उपदेशक ७:२९, यशैया ४३:७, प्रेरित १७:२६, एफिसी १:४-६)

## मुक्ति

मानिसहरुको मुक्ति पूर्णरुपमा ख्रीष्ट येशूको अनुग्रहबाट आउने सित्तैको वरदान हो । हामीले मुक्ति पाउनको लागि नयाँ गरी जन्मनुपर्छ । नयाँ जन्मको लागि ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनि स्वीकार गरी हृदयमा विश्वास गर्नंपर्दछ । नयाँ जन्म हृदयको परिवर्तन हो । जुन पवित्र आत्माको शक्तिद्वारा आउँदछ । उहाँले आत्मिक रुपमा नयाँ प्रकाश दिनुहुन्छ र परमेश्वरको वचनको सत्यतालाई बुझ्न सहायता गर्नंहुन्छ । (यूहन्ना ३:१६, रोमी १०:९-१०, २ कोरिन्थी ५:१४-१५, गलाती २:१६, एफिसी २:८-९, कलस्सी १:१-३, २ तिमोथी १:१०-११, तितस २:११)

## बप्तिस्मा

बप्तिस्मा येशू प्रभुले दिनुभएको पवित्र विधि हो । बप्तिस्मा येशूले आज्ञा गर्नुभएकोले ख्रीष्ट येशूमा विश्वास गर्नेहरुले आज्ञाकारी भएर पिता, पुत्र, पवित्र आत्माको नाउँमा पानीमा चुर्लुम्मै डुवेर बप्तिस्मा लिनुपर्दछ । विश्वासीको डुबाउ बप्तिस्मा ख्रीष्टको क्रूसको मृत्यु, दफन र बौरी उठाईमा गरेको विश्वासको सार्वजनिक प्रमाण हो । अनि

पूरानो जिवनको अन्त र नयाँ जीवनको शुरुवातको साक्षी हो । (मत्ती ३:११, २८:१८-२०, मर्कूस १:८, प्रेरित २:३८-४२, ८:३५-३९, १८:८ रोमी ६:३-८, १ कोरिन्थी १२:१३)

## प्रभु भोज

प्रभुभोज प्रभु येशूले दिनुभएको पवित्र विधि हो । प्रभुभोज येशू ख्रीष्टले क्रूसमा भोग्नु भएको मृत्युको सम्झना गर्न, उहाँको मृत्युको घोषणा गर्न, र दोस्रो आगमनको पर्खाइमा आज्ञाकारी भएर रहनको निम्ति शरीरको रुपमा रोटी र रगतको रुपमा कचौराबाट सांकेतिक रुपमा लिने सम्झनाको एक पवित्र विधि हो । (लूका २२:१४-२०, प्रेरित २:४२, १ कोरिन्थी १०:१६-१७, ११:२३-२८)

## मण्डली

ख्रीष्ट येशूको उद्धारको सुसमाचार सुनेर ख्रीष्ट येशू प्रभुलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रुपमा विश्वास गरि पापको क्षमा र मुक्तिको निश्चयता पाएका व्यक्तिहरुको समूह हो । मण्डलीको संस्थापक ख्रीष्ट येशू स्वयं हुनुहुन्छ। मण्डलीको शिर र कुने ढुङ्गा दुवै ख्रीष्ट येशू हुनुहुन्छ। यसको संचालनको सार्वभौम अधिकार येशूमा निहित छ । मण्डलीलाई उहाँले आफ्नो बहुमुल्य रगत र सत्य वचनले धोएर शुद्ध पार्नं भएकोले त्यो निर्दोष र पवित्र हुनुपर्छ । मण्डलीको व्यवस्थापनको जिम्मेवारीहरु पास्टर र डिकनहरुलाई दिइएको छ । (मत्ती १६:१८-१९, प्रेरित २:४२-४७, १ कोरिन्थी १२: १२-१३, एफिसी २:२०, ५:२३, ४:११-१३, एफिसी ३: १०-१२, कलस्सी १:१८)

## दोस्रो आगमन

प्रभु स्वयं हुकुमको गर्जनसित स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ । उहाँको प्रतिज्ञा अनुसार येशू ख्रिष्ट व्यक्तिगतरुपमा सबैले देख्नेगरि आफ्नै महिमामा स्वर्गबाट आउनुहुनेछ । तब मृतकहरु चिहानबाट उठ्नेछन, मृतक र जीवित सबै परमेश्वरको न्यायको सिंहासन अघि खडा हुनेछन

र ख्रीष्टले धार्मिकतामा सबै मानिसहरुको न्याय गर्नुहुनेछ । विश्वास गर्ने सबै परमेश्वरको उपस्थितिमा स्वर्गमा सदाको निम्ति रहनेछन् भने विश्वास नगर्नेहरु सबै अनन्तको आगोमा फालिनेछन् । (मत्ती २४:३०-३७, ४२ र ४४, १ थेसोलिनिकी २:१९, ४:१६-१७, प्रकाश १:७)

## सुसमाचार र मिशन

सुसमाचार र मिशनको कार्य हरेक येशू ख्रीष्टमा विश्वास गर्ने विश्वासीहरुको कर्तव्य र अवसर हो जहाँ हरेक येशूको मण्डलीले सारा संसारका जाति जातिहरुमा प्रचार गरी चेला बनाउने भरमग्दुर प्रयाससाथ आज्ञापालन गर्नुपर्दछ । (मत्ती २८:१८-२०, मर्कूस १६:१५-१७, लूका २४:४७, प्रेरित १:८)

## दर्शन

ख्रीष्टमा बाँचेका सबै जातिहरु परमेश्वरको महान आज्ञा पुरा गर्न सहभागी भइरहेका हुनेछन् ।

## ध्येय

तालिम प्रदान तथा साझेदारी गर्दै सुसमाचार, चेलापन र मण्डली स्थापना र नेतृत्व शिपको विकास गर्ने ।

## मूल्य मान्यता

प्रेम, क्षमा, धार्मिकता, इमान्दारिता, विश्वास, नम्रता, पारदर्शिता ।

## लक्ष्य

१. स्थानीय मण्डलीहरु परिचालन गरि नयाँ मण्डली स्थापना गर्ने ।
२. दक्ष अगुवाहरु निर्माण गर्ने ।
३. सर्वागिंण विकासका कार्यहरुद्धारा मानविय तथा सामाजिक सेवा गर्ने ।
४. संस्थागत विकासका लागि सबलीकरणको भूमिका निर्वाहा गर्ने ।
५. माथि उल्लेखित लक्ष्यहरुलाई प्राप्त गर्नको लागि साझेदारीहरुको विकास गर्ने ।

## उपलब्धिहरु

### मिशन तथा सुसमाचार विभाग

### मण्डली तथा संगति विवरण

नेपाल बप्तिस मण्डली परिषद्मा सन् २०१६ को अन्त्य सम्म आई पुग्दा २०९ मण्डलीहरु र लगभग २५२ भन्दा बढी संगतिहरु रहेको छ । समग्रमा भन्नु पर्दा बप्तिसमा लिएका १८ हजार बप्तिस सम्प्रदायको विश्वासीहरु रहेका छन्, बप्तिसमा नलिएका र बालबालिकासँग गर्दा सङ्ख्या लगभग २२००० रहेको छ । यस वर्ष सुसमाचार प्रचार पाउने, ग्रहण गर्ने, बप्तिसमा लिने र पुनः प्रभुलाई अपनाउन चाहनेहरुको संख्या क्रमशः ४५७६, ४७६, २५० र १५०० जना रहेका थिए ।

यो सबै कार्य मिशन तथा सुसमाचारमा विश्वास गर्ने स्थानिय बप्तिस मण्डलीहरु, व्यक्तिहरु र सरोकारवाला संघ संस्थाहरुका निरन्तर प्रार्थना र सहकार्यद्धारा सम्भव भएको हो ।

## मण्डली घोषणा

यस अवधिमा तल उल्लेखित सगतिहरु मण्डली घोषणा गरियो:

| | | |
|---|---|---|
| १ | सप्तेसोर बप्तिस मण्डली, खोटाङ | ४ अप्रिल २०१६ |
| २ | हडियाबुधबारे बप्तिस मण्डली, झापा | ८ मार्च २०१६ |
| ३ | दिक्तेल जीवन बप्तिस मण्डली, खोटाङ | १७ डिसेम्बर २०१६ |
| ४ | भोर्लेनि दर्शन बप्तिस मण्डली, उदयपुर | ३१ डिसेम्बर २०१६ |
| ५ | सैनामैना बेथानी बप्तिस मण्डली, कुश्मा | १८ अक्टुवर २०१६ |
| ६ | कचल बप्तिस मण्डली, पाल्पा | १५ मे २०१६ |
| ७ | नेपाल शान्ति बप्तिस मण्डली, काठमाण्डौ | ९ अप्रिल २०१६ |
| ८ | नवज्योति बप्तिस मण्डली, बटार नुवाकोट | ७ डिसेम्बर २०१६ |
| ९ | अल्फा बप्तिस मण्डली, सिन्धुपाल्चोक | २४ सेप्टेम्बर २०१६ |
| १० | आशिष बप्तिस मण्डली, लालितपुर | १३ अप्रिल २०१६ |
| ११ | बाइबलवेश बप्तिस मण्डली, कैलाली | २०७२ चैत २८ |

## भवन समर्पण

यस अवधिमा तल उल्लेखित मण्डली भवनहरु समर्पण गरिएको छ

| | | |
|---|---|---|
| १ | अनुग्रह बप्तिस मण्डली, भोजपुर | २७ फेव्रुअरी २०१६ |
| २ | छेमसुने बप्तिस मण्डली, खोटाङ | ९ जनवरी २०१६ |
| ३ | महमाई बप्तिस मण्डली, ईलाम | २४ मार्च २०१६ |
| ४ | बर्खे बप्तिस मण्डली, खोटाङ | ३ जुन २०१६ |
| ५ | दिक्तेल जीवन बप्तिस मण्डली, खोटाङ | १७ डिसेम्बर २०१६ |
| ६ | तरहरा शान्ति बप्तिस मण्डली, सुनसरी | २१ डिसेम्बर २०१६ |

| | | |
|---|---|---|
| ७ | दिङ्ला बप्तिस मण्डली, भोजपुर | २१ अक्टोबर २०१६ |
| ८ | नुम होसन्ना बप्तिस मण्डली, संखुवासभा | १९ अक्टोबर २०१६ |
| ९ | थुम्की होसन्ना बप्तिस मण्डली, उदयपुर | १३ सेप्टेम्बर २०१६ |
| १० | टान्डी बप्तिस मण्डली, मोरङ | २० डिसेम्बर २०१६ |
| ११ | सिनाम बप्तिस मण्डली, ताप्लेजुङ | १८ डिसेम्बर २०१६ |
| १२ | राखा बप्तिस मण्डली, खोटाङ | ११ नोभेम्बर २०१६ |
| १३ | नयाँ करार बप्तिस मण्डली, मोरङ | ३ सेप्टेम्बर २०१६ |
| १४ | सीमिन बप्तिस मण्डली, झापा | ४ नोभेम्बर २०१६ |
| १५ | भागालपुर बप्तिस मण्डली, उदयपुर | |
| १६ | मछापुछ्रे बप्तिस मण्डली, काँस्की | |
| १७ | आशिष बप्तिस मण्डली, ललितपुर | १३ अप्रिल, २०१६ |
| १८ | नवज्योती बप्तिस मण्डली, नुवाकोट | ७ डिसेम्बर २०१६ |
| १९ | महिमा बप्तिस मण्डली, पाल्पा | |

## पाष्टर अभिषेक

यस अवधिमा क्षेत्रिय संघको सिफारिसमा पाष्टर अभिषेक गरियो

| | | | |
|---|---|---|---|
| १ | पा. कर्ण राई | वुक्तु होसन्ना बप्तिस मण्डली, उदयपुर | जनवरी ४, २०१६ |
| २ | पा. वीर कुमार माबो | धुपीजंग बप्तिस मण्डलीताप्लेजुङ | २०७३ भदौ २७ |
| ३ | पा. रोशन नेपाली | खिष्टीयान बप्तिस मण्डली ताप्लेजुङ् | २०७३ असोज ११ |
| ४ | पा. डाक बहादुर लिम्बु | लिङ्खिम बप्तिस मण्डर्ली, ताप्लेजुङ | २०७३ असोज ११ |
| ५ | पा. डम्बर बहादुर पुलामी | कटारी बप्तिस मण्डली, उदयपुर | २०७३ कार्तिक ६ |
| ६ | पा. हेम बहादुर सुनुवार | खसिवास बप्तिस मण्डली, उदयपुर | २०७३ कार्तिक ६ |

| | | | |
|---|---|---|---|
| ७ | पा. कुल बहादुर लिम्बु | लेलेप बप्तिस मण्डली, ताप्लेजुङ | २०७३ असोज ११ |
| ८ | पा. हर्कराज राई | दिक्तेल बप्तिस मण्डली, खोटाङ | २०७३ मंसिर २५ |
| ९ | पा. कबिन्द्र राई | राखा बप्तिस मण्डली, खोटाङ | २०७३ मंसिर २५ |
| १० | पा. कमल कोयि राई | ईम्मानुयल बप्तिस मण्डली, खोटाङ | २०७३ मंसिर २५ |
| ११ | पा. राजेन्द्र राई | सुङदेल बप्तिस मण्डली, खोटाङ | २०७३ मंसिर २५ |
| १२ | पा. देउ कुमार राई | तरहरा शान्ति बप्तिस मण्डली, सुनसरी | २०७३ पुस ६ |
| १३ | पा. थुम ब. पाटामगर | बेलसरा बप्तिस मण्डली, रुपनदेही | २५ अप्रिल २०१६ |
| १४ | पा. नवीन चौधरी | फसेराफसेर्नी बप्तिस मण्डली, चितवन | ५ मे २०१६ |
| १५ | पा. प्रेमनारायण भट्टराई, | शक्तिशाली बप्तिस मण्डली, ललितपुर | २३ अप्रिल २०१६ |
| १६ | पा. शरण राई | नयाँजीवन बप्तिस मण्डली, ललितपुर | १३ अगष्ट २०१६ |
| १७ | पा. विशाल थापा | काठमाडौं भ्याली बप्तिस मण्डर्लीी | २० अगष्ट २०१६ |
| १८ | पा. हेमन राई | काठमाडौं भ्याली बप्तिस मण्डली | २० अगष्ट २०१६ |
| १९ | पा. अमर राई | सामदान बप्तिस मण्डली काठमाडौं | २७ अगष्ट २०१६ |
| २० | पा. टंक राई | सामदान बप्तिस मण्डली काठमाडौं | २७ अगष्ट २०१६ |

## नि:शुल्क स्वास्थ्य शिविर

२०१६ सेप्टेम्बर १२ देखि १४ तारिखसम्म लिभिङ्ग बप्तिस मण्डली ललितपुरमा ३ दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो । नेपाल बप्तिस मण्डली परिषद्का मिशन तथा सुसमाचार विभाग र ग्लोबल मिशन चर्च, दक्षिण कोरियाको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । यस स्वास्थ्य शिविरमा परिषद्का विभिन्न विभागका कर्मचारी तथा विद्यार्थीहरु, स्थानीय जन समुदायहरु साथै उपत्यकाका मण्डली तथा संगतिहरुबाट आफ्नो स्वास्थ्य जचाउन आएका थिए। उक्त स्वास्थ्य शिविरबाट १२४ जना पुरुष, २३५ जना महिला र ९१ जना बाल बालिकाहरु गरी जम्मा ४५० जनाले नि: शुल्क स्वास्थ्य जाँच र औषधी प्राप्त गरेका थिए ।

यसै गरि जुलाई २३ देखी २७ तारिख क्यु.बि.सी. सिङ्गापुरबाट आउनुभएका मेडिकल टोलीले मध्यमाञ्चल क्षेत्र अर्न्तगत चितवन जिल्लाको भण्डारा गाविसको हर्दी बप्तिस मण्डलीमा, खैरेहनी गाविसको फसेरा फर्सेनी बप्तिस मण्डलीमा र पडरीयाको पडरीया बप्तिस मण्डलीमा निःशुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो ।

## मिशन दिवस

परिषद्को मिशन दिवस २०१६ नोभेम्बर २५ तारिक लिभिङ्ग बप्तिस मण्डली ललितपुरमा परिषद्का विभागका पदाधिकारीहरु र उपत्यकाका विभिन्न मण्डलीहरुको अगुवा तथा पास्टरहरुको उपस्थितिमा मनाइएको थियो । सो समयमा परिषद्को गतिविधि परिषद्का महासचिव रेभ. जीरमान राई, मिशनको सम्बन्धमा मिशन निर्देशक रेभ. विजय थापा प्रस्तुत गर्नभएको थियो भने परमेश्वरको वचनबाट उत्साह परिषद्को अध्यक्ष रेभ. रत्न बहादुर राईले दिनुभएको थियो ।

# महिला संगति

## समिति चयन

फ्रेबुअरी ९-१२ २०१६ मध्य तथा सुदुर पश्चिम क्षेत्र महिला संगतिको पहिलो भेलाले समिति गठन कोहलपुर–शान्ति बप्तिस मण्डलीमा सम्पन्न भयो । त्यस भेलाले निम्न पदाधिकारीहरु छनोट गरेको छ ।

अध्यक्षः दिना पोखेल (अत्तरिया मिलाप मण्डली)
उपाध्यक्षः खैसरा पुन (शान्ति बप्तिस मण्डली)
सचिवः कुमारी पुन (धनगढी बप्तिस मण्डली)
कोषाध्यक्षः पुनम पौडेल (सुर्खेत लिभिङ्ग बप्तिस मण्डली)
सदस्यः

गीता सुनुवार (सुर्खेत मदन नगर बप्तिस मण्डली)

## प.क्षे.म.ब.स.को पाचौ अधिवेशन

अप्रिल २६ देखि २८ २०१६ सम्म पश्चिम क्षेत्रिय महिला संगतिको ५ औ अधिबेशन मुर्गिया बप्तिस मण्डली-बुटवलमा सम्पन्न भयो । १६ वटा मण्डली र झुण्ड गरेर ७० जना महिलाहरुको सहभागीता रहेको थियो । ५ औ अधिवेशनको प्रशङ्ग जकरिया २:१० 'परमप्रभुले सम्झना गर्नुहुन्छ' । नयाँ समितीको चयनको लागि निर्वाचन समिति गठनमा पश्चिम क्षेत्रिय मण्डली संघका अध्यक्ष पाष्टर चित्र बहादुर गुरुङ्ग, युवा संघको निवर्तमान उपाध्यक्ष शमुयल राना, ने.ब.म.स.का अध्यक्ष मिना थापा र सचिव शान्ती सुब्बा(राई) हुनुहुन्थ्यो । उहाँहरुको रहोबरमा नाम प्रस्ताब गरेर नयाँ समिति चयन भयो । पद र नामवली निम्न छन ।

१. अध्यक्ष: लक्ष्मी गुरुङ्ग (बेथानी बप्तिस मण्डली-बुटवल)
२. उपाध्यक्ष: भुमिसारा थापा (महिमा बप्तिस मण्डली-पाल्पा)
३. कोषाध्यक्ष: कृष्ण घर्ति मगर (बेथानी बप्तिस मण्डली-चनौटा)
४. सचिव: मनु थापा (बेथानी बप्तिस मण्डली-बुटवल)
५. सदस्य:
   पुना बुढामगर (खहरे दर्लिङ्ग बप्तिस मण्डली)
   रेखा थापा (मुर्गिया बप्तिस मण्डली-बुटवल)
   सपनी तामाङ्ग (नमुना बप्तिस मण्डली-पृथ्वी बस्ती)
   झुमा श्रेष्ठ (कावसोती बप्तिस मण्डली)
   रमला पुन (लेखनाथ बप्तिस मण्डली-पोखरा)

## बजेट तथा योजना कार्यशाला

फ्रेबुअरि २४ देखि २६ सम्म चार वटैं क्षेत्रीय समितीहरुलाई सहभागी गरी गोदावरी आश्रममा बजेट र योजनाबारे कार्यशाला गोष्ठी सम्पन्न भयो । कमिटी दिदी बहिनीहरुले २०१६ देखि २०२० सम्मको योजनाका खाकाहरु तयार पार्नुभयो र आगामी वर्षहरुमा पनि यहि अनुसार कार्यक्रमहरु लैजाने प्रतिबद्वता जनाउनु भयो ।

## पसल उद्घाटन

मे ९ २०१६ मा नेपाल बप्तिस महिला संगतिको पसल उद्घाटनमा ने.ब.म.प.को महासचिव रेभ. जिरमान राईले बचनद्धारा उत्साहा दिनुभयो साथै ने.ब.म.प.का अध्यक्ष रेभ. रत्न बहादुर राई ज्यू द्वारा उत्साहका वचन दिदै आशिष्को प्रार्थना गरिदिनुभयो ।

## तालिम

नोभेम्बर ८-९ २०१६ सम्म लिभिङ्ग बप्तिस मण्डली–नखिपोटमा सीपमुलक तालिम सम्पन्न भयो । सेमिनारमा काठमाडौं, ललितपुर, भक्तपुर र धुलिखेल मण्डलीका दिदी बहिनीहरुलाई SHARE (Serving Him And Reaching Everyone ) मिनिष्ट्रि सहयोगमा फिलिफिनि सिस्टर मर्सी बाट सिपमुलक हस्तकला र पाक शिक्षा सिकाउनुभयो । दिदी बहिनीहरु १३ वटा मण्डलीबाट ३० जना सहभागी हुनुभएको थियो ।

# युवा संगति

## क्षेत्रिय अधिवेशन

नेपाल बप्तिस युवा संगतिको चार वटै क्षेत्रको क्षेत्रिय अधिवेशनहरु सम्पन्न भएको छ । यि सबै युवा भेला तथा अधिवेशनहरुले एकदमै आशिषमय र फलदायि हुनुको साथै भव्यताका साथ सम्पन्न भएको थियो । सबै कार्यक्रमहरुमा बाइबलको वचनबाट विभिन्न वक्ताहरुले युवाहरुलाई उत्साह दिनुभएको थियो । वचनको सेवकाई मात्र नभएर सहभागी युवाहरुमा आत्मियता बढाउन, युवाहरुको प्रतिभाले परमेश्वरको महिमा गर्न विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु संचालन गरिएको थियो । साथै हरेक क्षेत्रका अधिवेशनले आगामी ३ वर्षसम्म सम्बन्धित क्षेत्रको बप्तिस युवाको नेतृत्व गर्न क्षेत्रिय समितिहरु गठन गरेको थियो ।

अक्टोबर ९ देखी ११ तारिखसम्म भरतपुर बप्तिस मण्डली, चितवनमा सम्पन्न भएको मध्यमाञ्चल क्षेत्रिय युवा

अधिवेशनले नयाँ समिति गठन गरको छ। नव निर्वाचित समितिमा अध्यक्ष-पा. शंकर रशिक, उपाध्यक्ष-लेबिना पोखेल, सचिव-प्रकाश पाख्रिन हुनुहुन्छ भने कोषाध्यक्ष-शर्मीला लामा र सदस्यहरु सुजन कुँवर, दिनेश राई र एस्तर आले रहनुभएको छ।

पुर्वाञ्चल क्षेत्रिय युवा संगतिको चौथो अधिवेशन अक्टोबर ३० देखि नोभेम्बर १ तारिखसम्म होशन्ना बप्तिस मण्डली धरानमा भव्यताका साथ सम्पन्न भएको थियो । नव निर्वाचित समितिमा अध्यक्ष-डेविड राई, उपाध्यक्ष-राज कुमार राई, कोषाध्यक्ष-डेजिना राई र सदस्यहरु-आस्था श्रेष्ठ, अनिल राई, अर्पीत देवान र राधिका राई हुनुहुन्छ। नव गठित समितिको पहिलो बैठकले रविन राईलाई सचिवमा नियुक्त गरेको थियो।

पश्चिमाञ्चल क्षेत्रिय युवा संगतिको चौथो अधिवेशन तथा दशक उत्सव अक्टोबर १७ देखि १९ तारिखसम्म योन्सई केन्द्रिय बप्तिस मण्डली, नवलपरासीमा सम्पन्न भएको थियो। पश्चिमाञ्चलको २६ बप्तिस मण्डली तथा संगतिहरुबाट २५३ जना युवाहरुको सहभागीता रहेको यो अधिवेशनले पा. सन्तोष थापाको अध्यक्षतामा नव समिति गठन गरेको थियो। अन्य समिति सदस्यहरु उपाध्यक्ष-माइते तामाङ्ग, कोषाध्यक्ष-वसन्त बुचा मगर र सदस्यहरु-सन्तोष श्रेष्ठ, डेविड मगर, र सुवास गुरुङ्ग रहनुभएको छ।

मध्य तथा सुदुर पश्चिमाञ्चलको क्षेत्रिय युवा भेला तथा पहिलो अधिवेशन यही नोभेम्बर ६ देखि ८ तारिखसम्म लिभिङ्ग बप्तिस मण्डली सुर्खेतमा सम्पन्न भएको थियो। मध्य तथा सुदुर पश्चिमाञ्चल क्षेत्रका ९ वटा मण्डली तथा संगतिहरुको प्रतिनिधित्व गरि आएको ६४ जना युवा अगुवाहरुको भेलाले श्री देवराज भट्टको अध्यक्षतामा ७ सदस्सिय क्षेत्रिय युवा समिति चयन गरेको थियो। अन्य समिति सदस्यहरुमा उपाध्यक्ष-बल बहादुर चौधरी, सचिव-अम्रित शर्मा, कोषाध्क्ष-विरेन्द्र चौधरी र सदस्यहरु- केशव औजि, बिनु शाक्य र अनिश शाक्य हुनुहुन्छ।

नेपाल बप्तिस मण्डली परिषद्को विधान अनुसार क्षेत्रिय समितिको अध्यक्ष केन्द्रिय समितिको पदेन सदस्य हुन्छ। नेपाल बप्तिस युवा संगतिको वर्तमान केन्द्रिय समितिमा अध्यक्ष-पा. प्रेम नारायण भट्टराई, उपाध्यक्ष-पा. शमुएल

राना, कोषाध्यक्ष-इशाक जबेगु र सदस्यहरु- डेविड राई, शंकर रसिक, सन्तोस थापा र देवराज भट्ट हुनुहुन्छ । परिषद्का महासचिव रेभ. जिरमान राई सल्लाहकारको रुपमा हुनुहुन्छ ।

# बाइबल कलेज

## नयाँ विद्यार्थी स्वागत कार्यक्रम

ने.ब.बा.क.का विद्यार्थीहरुद्वारा अगस्ट ३ मा एम.डिभ प्रथम वर्षका ३ जना र बि.टी.एच. प्रथम वर्षका १२ जना नयाँ विद्यार्थीहरुको लागी कलेज भवनमा स्वागत कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विद्यार्थी हनोक राईले कार्यक्रम संचालन गर्नुभएको थियो भने कलेजका एकेडेमीक डिन श्री सन्तोष बस्नेतले स्वागत मन्तव्य वाचन गर्नुभएको थियो । यस कार्यक्रममा वर्तमान विद्यार्थीहरुले नयाँ विद्यार्थीहरुको लागी स्वागत स्वरुप केही मायाको चिनो साथै विशेष नृत्य, गीत, कविता, नाटक इत्यादी प्रस्तुत गरिएको थियो ।

## खुल्ला अन्तर बाइबल कलेज भलिबल प्रतियोगीता

जिजस बाइबल कलेज, ललितपुरद्वारा आयोजित खुल्ला अन्तर बाइबल कलेज भलिबल प्रतियोगीता ४ सेप्टेम्वर, २०१६ मा जिजस बाइबल कलेजको प्राङ्गन्मा सम्पन्न भएको थियो । ११ बाइबल कलेजको सहभागी रहेको उक्त प्रतियोगीतामा ने.ब.बा.क.को भलिवल समुहले दोस्रो स्थान प्राप्त गर्न सफल भयो भने पहिलो स्थान आयोजक जिजस बाइबल कलेजले प्राप्त गरेको थियो ।

## नेबबाक खेलकुद कार्यक्रम

ने.ब.बा.क.को वार्षिक खेलकुद कार्यक्रम यही नोभेम्बर ३ र ४ तारिखका दिन आयोजना गरिएको थियो । उक्त कार्यक्रममा भलिबल, फुटसल, ब्याडमीन्टन र टेबल टेनीस जस्ता विभिन्न स्पर्धामा विद्यार्थीहरुले प्रतिस्पर्धा गरेका

थिए । जसमा विभिन्न स्पर्धाको नतिजा यस प्रकार रहेको थियो । टेबल टेनिस पुरुष एकल स्पर्धामा बिवेक राना प्रथम, विवेक घलान द्वितीय, महिला स्पर्धामा शान्ति लामा प्रथम, रुपा रायमाझी द्वितीय,, पुरुष डबल्स् तर्फ मोहन चौधरी र हनोक राई प्रथम तथा सन्तोष परियार र युवराज राई द्वितीय,, महिला डबल्स्मा आरति थापा र सरुना राई प्रथम, कल्पना राई र रबिना चौधरी द्वितीय हुनुभएको थियो ।

ब्याडमिन्टनको पुरुष एकलको उपाधि अजय श्रेष्ठले जित्नुभएको थियो भने समिप रामदान दोश्रो हुनुभएको थियो । यसै गरि महिला एकल स्पर्धामा लिला राई प्रथम र निसा घलान द्वितीय हुनुभएको थियो । पुरुष डबल्स् स्पर्धामा पर्शुराम राना र हनोक राई प्रथम, हनोक थारु र अजय श्रेष्ठ द्वितीय, महिला डबस्स् स्पर्धामा आरती थापा र सरुना राईको जोडिले प्रथम स्थान हासिल गर्नँभएको थियो भने पविसरा मगर र उसा घलान द्वितीय हुनुभएको थियो ।

पुरुष फुटसल स्पर्धामा हरियो समुहले पहिलो स्थान हाशिल गर्न सफल भएको थियो भने रातो समुह दोश्रो भएको थियो । यसैगरि महिला फुटसलमा गुलाबी समुह र पहेलो समुह क्रमशः प्रथम र दोश्रो भएको थिए । भलिबल स्पर्धामा पुरुष तर्फ हरियो समुह र रातो समुह तथा महिला तर्फ पहेलो समुह र बैजनी समुह क्रमशः पहिलो र दोश्रो भएका थिए ।

## शिक्षक दिवश

ने.ब.बा.क.का सम्पुर्ण विद्यार्थीहरु मिली अक्टोवर ५ तारिखका दिन कलेजका शिक्षक, शिक्षिका तथा कर्मचारीहरुलाई उहाँहरुले गर्नुभएको सहायता तथा योगदानको निम्ति धन्यवाद तथा कृतज्ञता स्वरुप शिक्षक, शिक्षिका कृतज्ञता दिवश कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरुले विशेष नृत्य, गायन तथा शिक्षकहरु सम्बन्धित विशेष कविता प्रस्तुत गर्दै सबै शिक्षक, शिक्षिकाहरुलाई धन्यवाद स्वरुप धन्यवाद कार्ड दिएका थिए । साथै सोही दिन विद्यार्थीहरु मिली सबैको निम्ति प्रिती भोजको आयोजना पनि गरेका थिए ।

## ईश्वरशास्त्रीय प्रमाण-पत्र

२०१६ सेप्टेम्बर १९ देखि २३ तारिखसम्म लिभिङ्ग बप्तिस मण्डली, ललितपुरमा सि.टि.एच. तालिम सम्पन्न भएको छ । उक्त तालिममा पा. सरोज मगरान्तीले "नेपालमा झुटा शिक्षाको चुनौतीहरु" र पा. राजेन्द्र मल्लले "पाष्टरीय परार्मश" विषयमा सिकाउनुभएको थियो । लिभिङ्ग बप्तिस मण्डलीले आफ्नो मण्डलीका पाष्टर तथा अगुवाहरुले कम्तिमा पनि सि.टि.एच.को अध्ययन पुरा गर्नुपर्ने आवश्यकता लाई महसुस गरी आयोजना गरेको यस तालिममा २१ जना पास्टर प्रचारकहरुको सहभागीता रहेको थियो ।

यसैगरि ग्रेस बप्तिस मण्डली, काठमाडौंमा अगष्ट ८ देखि ११ तारिखसम्म ११ जना सहभागीहरुको सहभागीतामा सि.टि.एच. कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बाइबल कलेजका एकाडेमीक डीन श्री सन्तोष बस्नेतले "ईश्वरशास्त्र एक र दुई" साथै अन्जान जि. आर.ले "मिशन काइरोस" पढाउनु भएको थियो ।

## मिसन सप्ताह तथा मिसन ट्रिप

ने.ब.बा.क.ले वार्षिक रुपमा मिसन सप्ताह मनाउने गर्दछ । सधैंझै यस वर्ष पनि नोभेम्बर ७ देखि ११ तारिखसम्म यो सप्ताह मनाईयो । यो कार्यक्रम अर्न्तगत हप्ताभरी विभिन्न व्यक्तिहरुले मिशनको महत्व र विश्व मिशन इतिहासका विभिन्न व्यक्तित्वहरुको जीवनीहरुबाट विद्यार्थीहरुलाई उत्साह दिने कार्य भएको थियो । एकेडेमीक डीन श्री सन्तोष बस्नेत, युथ स्टडीज डाइरेक्टर श्री प्रविन कर्मचार्य, डीन अफ स्टुडेन्ट सुश्री आरती थापा लगायत मिशनरीहरु सुश्री बेटीना, रेभ. डीङ्गा र डा. एरीक कारपेन्टरले हरेक दिन मिशनका विभिन्न विषयमा रही विद्यार्थीहरुलाई हौसला दिनुभएको थियो । सबै विद्यार्थीहरु तथा शिक्षक शिक्षिकाहरुको लागि अति आशिषमय रहेको यो कार्यक्रम त्यस एक हप्ताभरि विद्यार्थीहरुले पाएको आशिष बाड्चुड गर्दै डीन श्री सन्तोष बस्नेतको अन्तिम तथा समर्पनको प्रार्थना सहित समापन गरिएको थियो ।

मिशन जोड सप्ताह लगतै विद्यार्थीहलाई मिशन ट्रिपमा विभिन्न स्थानमा पठाइन्छ । यस पटकको मिसन ट्रिप बिगतका वर्षहरु भन्दा केही भिन्न रुपमा आयोजना गरिएको थियो । कलेजका सम्पुर्ण विद्यार्थीहरुलाई १३ वटा समुहमा विभाजन गरि विभिन्न मण्डली तथा संगतिहरुमा र केही ख्रिष्टियन संघ संस्थाहरुमा पठाइएको थियो ।

यस कार्यक्रमबाट विद्यार्थीहरुले भ्रमण गरेको क्षेत्र र अनुभव तथा अवसरहरु निम्न प्रकार रहेको छ ।

| क्र.सं. | स्थान | विद्यार्थीहरुको सङ्लग्ता |
|---|---|---|
| १ | नेपाल बप्तिस मण्डली परिषद् | परिषद्को सेवकाईको जानकारी लिदै कार्यलयका विभिन्न दैनिक कार्यमा सहयोग । |
| २ | बेथानी बप्तिस संगती, ललितपुर | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| ३ | सुनाकोटी बप्तिस संगती, ललितपुर | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| ४ | लिभीङ्ग बप्तिस मण्डली, धुम्बराही | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| ५ | आशिष बप्तिस मण्डली, ललितपुर | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| ६ | बैरेनी बप्तिस मण्डली, धादिङ्ग | मण्डली भवन निर्माणमा सहयोग । |
| ७ | सामदान बप्तिस मण्डली, काठमाडौं | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| ८ | आशिष बप्तिस मण्डली, नुवाकोट | मण्डली सेवकाई साथै मण्डलीको बार लागाउने काममा सहयोग । |
| ९ | महिमा बप्तिस मण्डली, काठमाडौं | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| १० | धापाखेल बप्तिस मण्डली, ललितपुर | मण्डली सेवकाई साथै मण्डलीको बार लगाउने काममा सहयोग । |
| ११ | अवाना नेपाल | अवाना नेपालको सेवकाईको बारेमा जानकारी लिदै कार्यालयमा सहयोग । |
| १२ | माईका नेटवर्क | मण्डली सेवकाई साथै सुसमचार प्रचार । |
| १३ | एम.सि.डी.एस. | एम.सि.डी.एस्. को कार्य क्षेत्रको भ्रमण तथा अवलोकन । |

# बहुउद्देश्यीय समुदायिक विकास सेवा

बहुउद्देश्यीय समुदायिक विकास सेवा वि.स. २०५१ सालमा शुरु भएको नेपाल बप्तिस मण्डली परिषद्को एक गैर सरकारी संस्था हो । जीवनको पूर्णतामा रमाईरहेका रुपान्तरित नेपाली समुदायको दर्शन तथा सर्वाङ्गीण विकासको

ध्येय लिएको यो संस्थाको उद्देश्य सिमान्तकृत वर्गको दिगो रुपले जीवनस्तर उकास्नु हो । यसले स्वास्थ्य तथा सरसफाई, शिक्षा, वातावरण संरक्षण न्युनिकरण, राहत तथा पुर्नस्थापना लगायतका कार्यक्रम गर्दै आईरहेको छ । यस संस्थाले नवलपरासीको दाउन्नेदेवी गाविसमा चेस्ट, मोरङ्गको केरावारी गा.वि.स.मा चेप, ललितपुरको दक्षिणी गाविसहरु शंखु, बुखेल, मानिखेलमा डि.आर.आर., दोलखाको काब्रे गा.वि.स.मा सि.वि.डि.आर.आर., काभ्रेपलान्चोकको जैसीथोक गा.वि.स.मा सी.एस.एल.डी. र र्‍यालेमा चेस्ट, ललितपुरमा सेडेप र हेल्प जस्ता आयोजनाहरु संचालन गर्दै आईरहेकोछ ।

चेस्ट परियोजना नवलपरासीले सन् २०१६ भित्र विद्यालय सहयोग अर्न्तगत दाउन्नेदेवी प्रा.वि. र पवित्र प्रा.वि.मा इ.सि.डि. सहयोग, दाउन्नेदेवी गा.वि.स.कै वार्ड नं.६ मा वातावरण संरक्षण गर्न कृषिसडकमा ८ वटा ह्युम पाईप विछ्याइएको छ भने स्वास्थ्य र सरसफाई अन्तर्गत वार्ड नं. ४ र ७ मा हाटबजारको लागि दुई दुई वटा चर्पी र एक एक वटा नलकी (ह्ण्डपाईप) निर्माण गरेको सम्पन्न गरिएकोछ । यसैगरी काभ्रेको र्‍याले चेस्ट परियोजनाले यो वर्ष १५४ वटा पक्की चर्पी निर्माण पूरा गर्ने लक्ष्यका साथ निर्माण कार्य गरिरहेको छ ।

सेडेप ललितपुरले यस वर्ष ललितपुरको चौघरेमा बेमौसमी तरकारी खेती तालिम, सुर्खेतको वीरेन्द्रनगरमा वंगुर पालन, चितवन र अत्तरियामा व्यावसायिक तरकारी खेती, ललितपुरकै छम्पी र चौघरेमा व्यावसायिक कुखुरापालन तालिम सम्पन्न गरेको छ । यसै बीच ललितपुरको लेले र चितवनमा आधारभूत पशूपालन, खोटाङ्गमा व्यावसायिक अलैची खेती तालिम संचालन गरेको थियो । काठमाण्डौ, चितवन, कास्की, सुनसरी, रुपन्देही, बाँके र नेपाल बप्तिस बाइवल कलेजमा "समुदायमा आधारित विपत्त जोखिम न्यूनीकरण व्यवस्थापन" तालिम पनि संचालन गरिएको थियो ।

यसैगरि चेप परियोजना मोरङ्गले केरावारी गाविसमा स्वास्थ्य चेतनामूलक तालिम कार्यक्रम रणनीति पुनरावोलकन वर्कसप, आठ वटा महिला समूह गठन, १०५ घरलाई १/१ वटा धारा निर्माण, दुग्ध प्रशोधन तालिम, ६ महिने सिलाईकटाई लगायतका तालिम सम्पन्न गरेको छ ।

डि.आर.आर. बुखेल शंखु आयोजनाले सरोकारवालाहरुको बैठक, मनोसामाजिक परार्मश तालिम, विपत्तपुर्व तयारी तालिम, विद्यालय सहयोग तर्फ स्टेशनरी, ड्रेस, इसिडि किट, भित्ता रंगरोगन र कार्पेट सहयोग, २१ वटा महिला समुह संचालन, पेशागत तरकारी तालिम, पशु तथा गोठ व्यवस्थापन तालिम सम्पन्न गरेको छ । यसैगरी श्री

बालमुकुन्द निमावीमा ट्याङ्की मर्मत, भुकम्प प्रतिरोधात्मक भवन निर्माणार्थ डकर्मीलाई तालिम, गोरेटो बाटो निमार्ण, आचार तालिम र बाख्रापालन तालिम सम्पन्न गरेकोछ

यसैगरि डिआरआर मानिखेलले पनि मनोसामाजिक परार्मश, विपत्तपुर्व तयारी तालिम, विद्यालय सहयोग तर्फ स्टेशनरी, ड्रेस वितरण, दिवा खाजा उपलब्ध गराउने, स्थानिय साझेदार संस्थालाई प्रस्तावना र प्रतिवदेन लेखन तालिम, पेशागत तरकारी तालिम, पशु तथा गोठ व्यवस्थापन, दुग्ध प्रशोधन, डकर्मी तालिम, १८३ वटा चर्पी निर्माण, गोरेटो बाटो निर्माण सम्पन्न गरेकोछ ।

सि.बि.डि.आर.आर. आयोजना दोलखाले काब्रे गाविसमा विपत्त पुर्वतयारी तालिम, अलैची खेती, भेटेनरी, बाख्रापालन तालिम संचालन गर्नको साथै काब्रे वडा नं. ५ मा बीस हजार लिटर क्षमताको खानेपानी ट्याङ्की निर्माण र हस्तान्तरण गरेको छ भने यसैगरि काभ्रेका ५ वटा सरकारी, एक नीजि विद्यालय र प्रहरी चौकीमा भुकम्पको विद्युतीय सारइन वितरण गरेकोछ ।

सि.एस.एल.डी. परियोजनाले काभ्रेपलान्चोकको जैसीथोक गा.वि.स.मा सरोकारवालाको बैठक, मनोसामाजिक परामर्श, विपत्त पुर्वतयारी तालिम, विद्याथीहरुलाई स्टेशनरी, ड्रेस तथा दिवाखाजा वितरण गरेको थियो । बडा नं. १ र २ मा १५४ वटा भुकम्प प्रतिरोधात्मक घर निर्माणमा सहयोग गरेको छ । त्यस्तै विद्यालयमा इ.सि.डी.को अभिमुखिकरण तालिम, इ.सि.डी. किट वितरण र खानेपानीको सर्वेक्षण सम्पन्न गरेकोछ ।

स्मरण रहोस् गत आर्थिक वर्ष २०७२/२०७३ मा कूल ३७, ९४५ व्यक्तिहरु बहुउद्देश्यीय समुदायिक विकास सेवाको विभिन्न परियोजनाहरुद्वारा प्रत्यक्षरुपमा लाभान्वित भएका छन् ।

## मण्डली भवन पुन:निमार्ण परियोजना

पूर्व नेपालको भोजपुर र संखुवासभा जिल्लामा रहेका दुई मण्डली भवन उद्घाटन कार्यक्रम सुसम्पन्न भएको छ । गत वर्षको वैशाख १२ गते शनिवार आएको विनाशकारी महाभूकम्पको कारणले पूर्णरुपमा क्षतिग्रस्त हुन पुगेका नुम बप्तिस मण्डली, संखुवासभा र दिङ्ला बप्तिस मण्डली, भोजपुरको नयाँ भवन उद्घाटन कार्यक्रम क्रमश: नोभेम्बर १९ र २१ तारिखका दिन भव्यताका साथ सुसम्पन्न भएको थियो ।

कार्यक्रमलाई सफलताका साथ सम्पन्न गराउनका लागि विभिन्न छिमेकी मण्डलीहरु, आमन्त्रित पाहुनाहरु साथै स्थानीय मण्डलीको उल्लेखनीय सहभागिता रहेको थियो । त्यसैगरी प्रमुख अतिथिका रुपमा पाल्नु भएका नेपाल बप्तिस मण्डली परिषद्का अध्यक्ष रेभ. रत्न बहादुर राई ज्यूले "मण्डली भवनको सार्थकता साथै यसको समुचित प्रयोग गर्न र गराउन" स्थानीय मण्डलीलाई धर्मशास्त्र बाइबलवाट उत्साह दिनुभएको थियो । उक्त अवसरमा क्षे.ब.म.सं. का सचिव पा. महेन्द्रजंग साम्पाङ्, पा.मनोज श्रेष्ठ, मिशनरी फ्रेङकी कोम्लो, परिषद्को भवन सुपरिवेक्षक श्री सूर्य पौठाक तथा विभिन्न व्यक्तित्वहरुको उपस्थिती रहेको थियो । कार्यक्रम अवधिभर शुभकामना आदान-प्रदान हुनका साथै स्थानीय मण्डलीबाट विभिन्न सांगीतिक तथा साँस्कृतिक कार्यक्रमहरुको प्रस्तुती रहेको थियो । स्मरण रहोस् यसअघि पनि जेष्ठ २२ गते शनिवार बर्खे बप्तिस मण्डलीको भवन उद्घाटन सम्पन्न भइसकेको छ ।

यसैगरि यस वर्ष पनि सिन्धुपाल्चोकको अल्फा बप्तिस मण्डली, काभ्रेको गुराँसे बप्तिस मण्डली, धादिङ्को मिलनटार बप्तिस मण्डली, पाल्पाको धैरेनी बप्तिस मण्डली आदि निर्माणधीन अवस्थामा छन् ।